# अर्जुनधारा नगरपालिका
# नगर कार्यपालिकाको बैठक

**बै.सं.** ७/०८२/०८३

**अध्यक्षताः** नगर प्रमुख श्री बलदेवसिंह गोम्देन तामाङ

**मितिः** २०८२/१०/१५

**उपस्थिति**

| सि.नं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री बलदेवसिंह गोम्देन | नगर प्रमुख | उपस्थित |
| २ | श्री खड्गमाया पराजुली | उप प्रमुख | उपस्थित |
| ३ | श्री अनोज कुमार घिमिरे | प्रमुख प्रशासकीय अधिकृत/सचिव | उपस्थित |
| ४ | श्री उपेन्द्र बस्नेत | वडा अध्यक्ष, वडा नं १ | |
| ५ | श्री नरेन्द्र श्रेष्ठ | वडा अध्यक्ष वडा नं २ | उपस्थित |
| ६ | श्री सिताराम भट्टराई | वडा अध्यक्ष वडा नं ३ | उपस्थित |
| ७ | श्री अम्बरबहादुर कटुवाल | वडा अध्यक्ष, वडा नं ४ | उपस्थित |
| ८ | श्री गिताराज खड्का | वडा अध्यक्ष, वडा नं ५ | |
| ९ | श्री हरिश्चन्द्र बास्तोला | वडा अध्यक्ष, वडा नं ६ | उपस्थित |
| १० | श्री गोविन्द खतिवडा | वडा अध्यक्ष, वडा नं ७ | उपस्थित |
| ११ | श्री कुमारप्रसाद उप्रेती | वडा अध्यक्ष, वडा नं ८ | उपस्थित |
| १२ | श्री भिष्म मिश्र | वडा अध्यक्ष, वडा नं ९ | उपस्थित |
| १३ | श्री भुपेन्द्र नेउपाने | वडा अध्यक्ष, वडा नं १० | उपस्थित |
| १४ | श्री खगेन्द्र इङ्नाम | वडा अध्यक्ष, वडा नं ११ | उपस्थित |
| १५ | श्री मुना खत्री | कार्यपालिका सदस्य | उपस्थित |
| १६ | श्री विमला रोक्का | कार्यपालिका सदस्य | उपस्थित |
| १७ | श्री चन्द्रमाया तामाङ | कार्यपालिका सदस्य | |
| १८ | श्री चन्द्रकुमारी तामाङ | कार्यपालिका सदस्य | उपस्थित |
| १९ | श्री गौरीमाया चिमरिया | कार्यपालिका सदस्य | उपस्थित |
| २० | श्री नरेन्द्र कुमार राई | कार्यपालिका सदस्य | उपस्थित |
| २१ | श्री सन्तोष मेचे | कार्यपालिका सदस्य | उपस्थित |
| २२ | श्री कौशिलाल परियार | कार्यपालिका सदस्य | उपस्थित |

## १. समिक्षात्मक विवरण

आजको बैठकमा प्रमुख प्रशासकीय अधिकृतज्यूबाट अघिल्लो कार्यपालिकाको बैठकको निर्णयको प्रगति तथा नगर कार्यपालिकाको कार्यालयबाट सम्पादन भईरहेका कामकारबाहीहरुका सम्बन्धमा समिक्षात्मक विवरण प्रस्तुत गर्नु भयो ।

## प्रस्ताव नं २ नियमावली, कार्यविधिहरु

**प्रस्तावको व्यहोराः** विधेयक मस्यौदा समितिको बैठकमा छलफल भई देहायानुसारका कार्यविधि, नियमावलीहरु थप छलफल तथा निर्णयार्थ पेश भएको ।

(१) खर्च व्यवस्थापन कार्यविधि, २०८२
(२) नगर प्रमुख विपन्न नागरिक आवाश कार्यक्रम (सञ्चालन) कार्यविधि, २०८२
(३) शैक्षिक छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०८२
(४) निजी शैक्षिक गुठी दर्ता तथा अनुमति कार्यविधि, २०८२
(५) अपांगता सहायता कोष सञ्चालन, २०८२
(६) अटिजम केयर सञ्चालन कार्यविधि , २०८२
(७) बजार व्यवस्थापन तथा अनुगमन नियमावली, २०८२
(८) नगर प्रहरी नियमावली, २०८२
(९) व्यवसायिक भवन बहालमा लगाउने सम्बन्धि कार्यविधि, २०८२
(१०) उपभोक्ता समिति गठन तथा सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०८२
(११) योजना अनुगमन तथा सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०८२
(१२) प्राविधि कर्मचारी करारमा नियुक्ति (पहिलो संशोधन) कार्यविधि, २०८२
(१३) राहत तथा आर्थिक सहायता सम्बन्धि (पहिलो संशोधन) कार्यविधि, २०८२

**निर्णयको व्यहोराः** पेश भएका कार्यविधि तथा नियमावली स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं ३ ठुलो नेते खोलाको नदीजन्य पदार्थ उत्खनन सम्बन्धि ठेक्का व्यवस्थापन सम्बन्धमा।

**प्रस्तावको व्यहोराः** अर्जुनधारा नगरपालिकाबाट स्वीकृत बिरिङ टाङटिङ तथा नेते खोलाबाट आर्थिक वर्ष २०८२/०८३ मा नदीजन्य पदार्थको उत्खनन संकलन तथा विक्री सम्बनधि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन बमोजिम देहायानुसार  ठुलो नेते खोलाबाट नदीजन्य पदार्थको उत्खनन संकलन तथा विक्रीका लागि ठेक्का बन्दोवस्त गर्ने सम्बन्धमा निर्णयार्थ विषय पेश भएको ।

| ठेक्काको विवरण | परिमाण घन मि. | न्यूनतम कबोल रकम(रु) |
|---|---|---|
| लट्टखर्क ठुलो नेते पुल १ कि.मि. दक्षिण र मुना खत्रीको घर पश्चिम उत्तर र भुलभुले गाउँ पश्चिम अर्जुनधारा-१ बाट नदीजन्य सामाग्री उत्खनन तथा बिक्री | १२००० | २५,८५,०५८ |

**निर्णयको व्यहोराः** पेश भए बमोजिम ठुलो नेते खोलाबाट नदीजन्य पदार्थको उत्खनन संकलन तथा विक्री सम्बन्धि ठेक्का लगाउन आवश्यक प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

**बै.सं. ०८/८२/८३ अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको बैठक मिति २०८२/१०/१५**
**प्रस्ताव नं ४ घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धमा ।**

**प्रस्तावको व्यहोराः** अर्जुनधारा नगरपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धि कार्यविधि, २०७५ को दफा ४ बमोजिम अर्जुनधारा नगरपालिका वडा नं ९ बस्ने श्री अनिमेश बरालले नवमी निर्माण सेवा प्रा.लि. नामको घ वर्गको निर्माण व्यवसायी इजाजतपत्रका लागि निवेदन दिनु भएकोमा सो निवेदनका सम्बन्धमा नगर कार्यपालिकाको कार्यालयका प्राविधिकबाट कार्यविधिले तोके बमोजिमको शर्त जाँच गरी स्वीकृतिका लागि सिफारिस भई निर्णयार्थ बैठकमा पेश भएको ।

**निर्णयको व्यहोराः** पेश भए बमोजिम अर्जुनधारा नगरपालिका वडा नं ९ ठेगाना भई श्री अनिमेश बराल प्रोपाइटर भएको नवमी निर्माण सेवा प्रा.लि. लाई घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र जारी गर्ने निर्णय गरियो ।

**बै.सं. ०८/८२/८३ अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको बैठक मिति २०८२/१०/१५**

**प्रस्ताव नं ५ समपुरक तथा विशेष अनुदान सम्बन्धमा ।**

**प्रस्तावको व्यहोरा:** आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि यस अर्जुनधारा नगरपालिकाबाट राष्ट्रिय योजना आयोग तथा प्रदेश योजना आयोगमा समपुरक तथा विशेष अनुदानका लागि प्रस्ताव पेश गर्ने सम्बन्धमा आयोजना छनौटका लागि थप छलफल तथा निर्णयार्थ प्रस्ताव पेश गरिएको ।

**निर्णयको व्यहोरा:** यस प्रस्तावमा छलफल गर्दा आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि यस अर्जुनधारा नगरपालिकाबाट राष्ट्रिय योजना आयोग तथा प्रदेश योजना आयोगमा समपुरक तथा विशेष अनुदानका लागि तोकिए बमोजिमको लागत साझेदारीको रकम आगामी आर्थिक वर्षको बजेटबाट सुनिश्चित गर्ने प्रतिबद्धता सहित निम्न बमोजिमका आयोजनाहरु छनौट गरी प्रस्ताव पेश गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

| अनुदान | प्राथमिकताक्रम तथा आयोजना |
|---|---|
| संघीय समपुरक अनुदान | १. अर्जुनधारा खेलमैदान, वडा नं ७ मा स्टेडियम निर्माण<br>२. खानेपानी टेंकी, सालबाडी पार्क हुँदै चाराली जाने सडक स्तरोन्नति, वडा नं ८, ९ र ११ |
| संघीय विशेष अनुदान | १. एकिकृत विपद् व्यवस्थापन केन्द्र पश्चिम टाङटिङ खोलामा तटबन्धन, वडा नं १<br>२. सहासी बस्ती नयाँ झोलुङ्गे पुल उत्तर देवान चौक तथा जनता आवाश पूर्व टाङटिङ खोलामा तटबन्धन, वडा नं ३ र ४ |
| प्रदेश समपुरक अनुदान | १. सिमलचौकबाट शिव पाञ्चायान मन्दिर हुँदै बुद्धशान्ती गाउँपालिक जोड्ने बाटोमा पेवर्स, वडा नं १०<br>२. त्रिवेणी चौकबाट बुटन चौकसम्म जोड्ने सडकमा पेवर्स, वडा नं ९ र ११<br>३. शितला मार्ग गढी गाउँ देखि बुद्धशान्ती जाने बाटो स्तरोन्नति, वडा नं ८<br>४. बेल्टारबाट दाहालटार हुँदै साठिमुरे जाने सडक कालोपत्रे, वडा नं २<br>५. सेतीपानी चौकबाट दुलाल चोक देखि शिव पाञ्चायान मन्दिरबाट रेवतमगरको घरहुँदै बुद्धशान्ती जोड्ने सडकमा पेवर्स, वडा नं १० |

**प्रस्ताव नं ६ साझेदारी लगानी सम्बन्धमा ।**

**प्रस्तावको व्यहोराः** नेपाल पर्यटन बोर्डको च.नं. ४।पसबि २०८२८३।५३ मिति २०८२/०५/२२ गतेकव पत्रबाट यस अर्जुनधारा नगरपालिकामा सुखानी सहिद स्मृतिपार्क पर्यटकीय सुविधा विस्तार तथा सौन्दर्यीकरणका लागी रु ५ लाख बजेट विनियोजन भई उक्त परियोजना सञ्चालनका लागि नगरपालिकाको तर्फबाट २५ प्रतिशत लागत साझेदारीका लागि अनुरोध भई आएकाले उक्त परियोजनाका लागि साझेदारी रकम विनियोजनका लागि प्रस्ताव पेश भई आएको ।

**निर्णयको व्यहोराः** उक्त प्रस्ताव बमोजिम सुखानी सहिद स्मृति पार्का पर्यटकीय सुविधा विस्तार तथा सौन्दर्यीकरण परियोजनाका लागि नगरपालिकाको समपुरक कोषबाट रु १ लाख ६६ हजार बजेट विनियोजन गर्ने निर्णय गरियो ।